म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०२ | शुक्रबार २७ जेठ २०७९ | ने. सं. ११४२ तछलाथ्व | 10 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नगर प्रमुख र उपप्रमुखलाई व्यवसायीको शुभकामना

हेटौंडा, २६ जेठ/ घरजग्गा व्यवसायीहरुले स्थानीय तह सदस्य निर्वाचनबाट निर्वाचित भएका हेटौंडा उपमहानगरका नगर प्रमुख र उपप्रमुखलाई शुभकामना व्यक्त गरेका छन् । व्यवसायीहरुले हेटौंडालाई सुन्दर र व्यवस्थित सहरका रुपमा विकास गर्न सकिने बारे जनप्रतिनिधिसँग छलफलसमेत गरेका थिए । उपमहानगरको कार्यकक्षमा पुगेर मकवानपुर घर जग्गा व्यवसायी संघको टोलीले नगर प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई कार्यकालको शुभकामना दिएका हुन् । नेपाल जग्गा तथा आवास विकास महासंघका केन्द्रीय महासचिव ध्रुव घिमिरेले शुभकामना तथा बधाई प्रदान गर्दै सुन्दर र व्यवस्थित सहर निर्माणको लागि उपमहानगरसँग सहकार्य गर्न तयार रहेको बताए । उनले घर जग्गा व्यवसायमा देखिएको समस्यालाई हल गर्नका लागि उपमहानगरको समन्वय आवश्यक रहेको बताए । उपमहानगरमा भ्रमणका लागि आउनेलाई देखाउन लाएक शहर बनाउने काममा सहयात्री बन्न तयार रहेको बताए । कार्यक्रममा नगर प्रमुख लामाले समृद्ध सहर निर्माणको लागि सहकार्य गरेर अघि बढ्ने बताइन् । उनले अव्यवस्थित ढंगबाट गरिएको प्लानिङमा उपमहानगरले निगरानी गर्ने बताइन् । कार्यक्रममा उपमेयर बानियाँले व्यवसायीहरुको साथबाटै नयाँ र व्यवस्थित नगरको कल्पना गर्ने बताए । उपमहानगर व्यवसायीहरुसँग हातेमालो गरेरै अघि बढ्ने बताउँदै व्यवस्थित सहर निर्माणका लागि सहकार्य गरिने उपप्रमुख बानियाँको भनाई छ ।

# 'मागने बनाएर' मानव बेचबिखनलाई प्रश्रय

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ नेपालमा मानव बेचबिखनको अवस्था भयावह छ । हरेक वर्ष मानव बेचबिखनका नयाँ रुपहरु देखा परिरहेका छन् ।

संगठित अपराधका रुपमा मानव बेचबिखन नियन्त्रणमा आउनुको सट्टा झन् बढ्दो क्रममा छ । नेपालका ७७ जिल्लामध्ये मकवानपुरपनि मानव बेचबिखन धेरै हुने जिल्लामा पर्छ । मकवानपुरसहित धादिङ, नुवाकोट, सिन्धुपाल्चोकमा मानव बेचबिखनको घटना विकराल लाग्दो छ । राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनले मानव बेचबिखनका अवस्था भयावह बनेको देखाइरहेको छ । मानव बेचबिखनको शैलीहरु निरन्तर परिवर्तन भइरहेका छन् । बेचबिखनमा संलग्नहरुले परिस्थतिजन्य अवस्थालाई मध्यनजर गरेर बेचबिखनलाई नयाँ रुप दिने गरेको पाइएको छ ।

मावन बेचबिखनविरुद्धको अभियानका तीन दशक बितिसक्दा पनि नेपालमा मानव बेचबिखन नियन्त्रणमा आउन सकेको छैन् । विभिन्न अध्ययन अनुसन्धानहरुले नेपालमा वार्षिक १८ हजारभन्दा बढी महिला र बालबालिका तथा पुरुषको बेचबिखन भइरहेको देखाएको छ । विगतमा महिला तथा बालिका धेरै बेचबिखनमा पर्छन भने हाल पुरुषपनि बेचबिखनमा पर्ने गरेको अध्ययनले देखाएको छ । हेटौंडामा बिहीवार मानव बेचबिखन रोकथाममा काम गर्दै आइरहेको नारी सीप सृजना केन्द्रले आयोजना गरेको अन्तक्रिया कार्यक्रममा तथ्यांक प्रस्तुत गर्दै अधिवक्ता मुकुन्द अधिकारीले बेचबिखनका फरक-फरक शैली रहेको बताए ।

विगतमा भारतका कोठीमा हुने गरेका मात्रै बेचबिखन मात्र नभई प्रलोभन देखाएर विदेश



लैजानेदेखि, श्रम शोषण, रोजगारको हक कुण्ठित, असुरक्षा, बाँच्न पाउने अधिकारको कुण्ठित, सामाजिक बहिष्करण, भेदभाव, शोषणलगायतका क्रियाकलापपनि बेचबिखनको कारक तत्व रहेको अधिवक्ता अधिकारीले बताए । उनले पछिल्लो समय जनप्रतिनिधिहरुले गरिब तथा विपन्नलाई मागने बनाएर बेचबिखन गरिरहेको बताए । 'गाउँ सहरमा सहयोगको नाममा पैसा माग्ने, पैसा माग्न जनप्रतिनिधिले नै कानुन विपरित सिफारिस बनाउनु बेचबिखनमा पर्छ ।,' अधिकारीले भने । उनले मानिसले माग्ने बनाएर मानव बेचबिखनको प्रश्रय दिने काम भइरहेको बताए ।

हेटौंडालगायतका क्षेत्रमा विपन्न वा सहयोगको नाममा पैसा माग्दै हिँड्नेको संख्या धेरै छ । उनीहरुलाई स्थानीय तहहरुले समस्या भएको प्रभाणित गर्दिएर माग्ने बनाउने गरेका छन् । त्यसरी व्यक्तिलाई माग्ने बनाउनु मानव बेचबिखनविरुद्धको कसुर हुने आउने अधिवक्ता अधिकारी बताउँछन् । उनले श्रम, मनोरञ्जन र शिक्षाका नाममा खुलेआम मानव बेचबिखन भइरहेको बताए । अमेरिकाले डिभीबाट नेपाली विद्यार्थी लैजानुपनि बेचबिखन भएको बताए । 'अमेरिकाले क्षमता भएकालाई जनशक्तिका रुपमा बोलाउँछ । त्यसरी लगेर १८ घण्टा काम लगाउँछ । त्यो मानव बेचबिखन हो ।,' अधिकारीले भने । मकवानपुरमा मानव बेचबिखन रोकथाम तथा सुरक्षित बसाईसराई सम्बन्धी भएको अन्तक्रियामा वर्तमान कानुनी अवस्थाबारे प्रस्तुत गर्दै अधिवक्ता अधिकारीले राजनीतिक शक्तिका आढमा बेचबिखन भइरहेको बताए । सबै खाले बेचबिखनलाई गम्भिर रुपमा राज्यले नलिएको उनको भनाई छ । 'बेचबिखनमा सोझासाझा पर्छन । शक्ति केन्द्रसँग नजिक भएकाहरु भने उम्किने गरेका छन् । बेचबिखन सम्बन्धी पर्याप्त कानुन हुँदापनि यसको उचित कार्यान्वयन नहुँदा समस्या भइरहेको छ ।,' उनले भने । अधिकारीले मानव अंग र छाला प्रत्यारोपणका नाममा बेचबिखन भइरहेको बताए । लागूऔषध खुवाएर, नक्कली विवाह गरेर, घुम्ने बहानामा, फकाएर र धाकधम्कीबाट धेरै जसो मानव बेचबिखन छिमेकी मुलुक भारतमा हुने गरेको र तेस्रो मुलुकमा १ प्रतिशत मात्रै बेचबिखन रहेको बताए ।

कार्यक्रममा सहभागीहरुले राज्यले कानुन कार्यान्वयनमा जोड नदिए मानव बेचबिखनले भयावह रुप लिँदा ठूलो समस्या देखिनेतर्फ सचेत गराए । बेचबिखन कार्यमा संलग्नलाई बचाउन राजनीतिक शक्ति नै लागेको पाइएको भन्दै नागरिकको सुरक्षामा राज्य गैरजिम्मेवार भइरहेकोप्रति सहभागीहरुले चिन्ता व्यक्त गरेका थिए । नारी सीप सृजना केन्द्र हेटौंडाले मकवानपुरको राक्सिराङ र बागमती गाउँपालिकामा मानब बेचविखन रोकथाम तथा सुरक्षित स्थागमन प्रवर्द्धन परियोजना सञ्चालन गर्दै बेचबिखन कार्यलाई नियन्त्रण अभियान चलाइरहेको छ । नारी सीपले वैदेशिक रोजगारीमा गएका परिवार, गरिब तथा विपन्न परिवारलाई आयआर्जनमा जोड्दै जीवीकोपार्जनमा सघाउ पुऱ्याउँदै आइरहेको छ ।

परियोजनाअन्तर्गत् संस्थाले ३ वर्षदेखि दुई पालिकामा महिला तथा बालबालिकाहरुलाई मानव बेचबिखनविरुद्ध जनचेतना जगाउँदै आइरहेको छ । परियोजना संयोजक ज्योति बम्जनले जीवीकोपार्जनका लागि राक्सिराङ र बागमतीमा गरेर सयौं परिवारलाई बाखा, बंगुर पालनदेखि तरकारी उत्पादनमा सहयोग गरेको जानकारी दिइन् । राक्सिराङ र बागमतीमा गरेर संस्थाले एक सय ३९ जनालाई बाखापालन तालिम दिएर बाखा सहयोग गरेको बम्जनले बताइन् । उनका अनुसार १ सय ६ जनालाई मौसमी तरकारी खेतीको तालिम दिएर प्लाष्टिक टनेल, थोपा सिचाईंका लागि आवश्यक सामग्री, ३४ जनालाई बंगुर पालनका लागि ४-४ वटा बंगुर सहयोग गरिएको छ ।

९० जनालाई मौरीसहित घार वितरण गरेर आयआर्जनमा सहयोग पुऱ्याइएको नारी सीपकी परियोजना सयोजक बम्जनले जानकारी दिइन् । उनले नागरिकको आर्थिक अवस्था बलियो भए मानव बेचबिखन स्वत: नियन्त्रणमा आउने भएकाले जीवीकोपार्जनका उद्देश्यले सहयोग गरेको बताइन् । नारी सीप सृजना केन्द्र मकवानपुरका सदस्य दुर्गा नेपालको सभाध्यक्षतामा भएको अन्तक्रिया कार्यक्रममा नारी सीपका कार्यकारी निर्देशक चिरन्जीवी पौडेल, फिल्ड संयोजक गीता अर्यालगायतको आतिथ्यता थियो ।

## हावाहुरीले पोल ढलेपछि बागमतीमा विद्युत अवरुद्ध

हेटौंडा, २६ जेठ/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा हावाहुरीका कारण पोल ढलेपछि विद्युत अवरुद्ध भएको छ ।

पोल ढल्का कारण गाउँभरको बिजुली अवरुद्ध भएको हो । बुधवार दिउसोदेखि परेको पानी र हावाहुरीका कारण ८ नम्बर वडाको धमिनथानदेखि ७ नम्बर वडाको पाथिभारा क्षेत्रसम्म पोल ढलेको स्थानीयले बताएका छन् । पोल ढलेर मदन भण्डारी मार्गमै ढलेको थियो । उक्त पोललाई पन्छाइएको छ । बुधवार रातीदेखि नै गाउँमा विद्युत नभएको र जनजीवन प्रभावित भएको फापरबारीका नारन दहालले गुनासो गरेका छन् । ११ वटा बिजुलीको सिमेन्टका पोल ढलेको थियो ।

पोल ढलेपछि उक्त गाउँपालिकाको ८ फारवारी बाहेकको सबै क्षेत्रमा बिद्युतीय सेवा अवरुद्ध भएको छ । 'रातीदेखि गाउँमा बिजुली छैन । मोबाईल चार्ज गर्न पाइएन, केही सूचना पनि थाहा पाएनौं ।,' स्थानीयले दहालले भने । ढलेका पोल पुनर्निर्माण गर्न करिव ३ दिन लाग्ने जानकारी प्राप्त भएको बागमती गाउँपालिकाको सूचना केन्द्रले जनाएको छ । वर्षासँगै आएको हावाहुरीका कारण बागमतीमा मात्र नभई जिल्ला विभिन्न क्षेत्रमा विद्युत अवरुद्ध भएको सूचना आएको छ ।

## हेटौंडाका १८ वर्षीय किशोर गाँजासहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ प्रतिबन्धित लागूऔषध गाँजा ओसार पसारमा संलग्न भएको आरोपमा मकवानपुरले प्रहरीले हेटौंडाका एक किशोरलाई पक्राउ गरेको छ ।



जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध गाँजासहित बिहीबार हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ बस्ने १८ वर्षीय किशोर पक्राउ परेका हुन् । मनहरी गाउँपालिका वडा नम्बर ७ स्थित सडक खण्डबाट ४ किलो ६ सय ग्राम लागूऔषध गाँजासहित किशोरलाई ईलाका प्रहरी कार्यालय मनहरीले पक्राउ गरेको जानकारी दिएको छ ।

चितवनबाट बीरगञ्जतर्फ जाँदै गरेको ना ५ ख ६५७० नम्बरको बसलाई जाँच गर्दा बसमा सवार किशोरको साथबाट गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

स्थानीय तह सहीद स्मृति गोल्डकप
अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता
चौँथो संस्करण-२०७९ मकवानपुर

सहभागी टिमहरु
मनाङमर्स्याङ्दी क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, फ्रेण्डस् क्लब, खुमलटार युथ क्लब, नव जनजागृती क्लब सिमरा, बागमती युवा क्लब सर्लाही, विजय युथ क्लब हेटौंडा, बीएफसी चितवन, एभिनियर एफसी क्यामरुन र चर्चब्वाइज क्लब

२०७८ जेठ १९ देखि ३० गतेसम्म
स्थान : पिप्ले क्याम्पा रंगशाला खेल समय : दिउँसो ३ बजे,

मुख्य प्रायोजक :
हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका,
बागमती गाउँपालिका, बकैया गाउँपालिका,
मकवानपुरगढी गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका,
राक्सिराङ गाउँपालिका, भीमफेदी गाउँपालिका,
कैलाश गाउँपालिका, मनहरी गाउँपालिका
र जिल्ला समन्वय समिति मकवानपुर

विशेष सहयोगी :
प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा
पुरन बहादुर जोशी
हटौंडा स्कुल अफम्यानेजमेन्ट

आयोजक
मकवानपुर जिल्ला फुटबल संघ
हेटौंडा

साझाकुरा

## हाम्रो कुरा

# मल तत्काल उपलब्ध गराऊ

नेपालका किसानहरु यतिखेर रासायनिक मल नपाएर तड्पिएर हिँडिरहेका छन् । बारीमा छरिएको मकैको धानचमरा आएर घोगा लाग्ने बेला भयो भने खेतमा धान रोप्ने चटारो सुरु हुन लागेको छ । रासायनिक मल नछर्दा बारीमा मकै पहेँलो भएको छ भने खेतमा धान रोप्न तयार पारिएको ब्याडमा रासायनिक मल छर्ने बेला भइसकेको छ तर, मल नपाएर कसरी खेती गर्ने भन्ने अवस्थामा किसानहरु पुगेका छन् । जुन बेला खेतबारीमा रासायनिक मल छर्ने बेला हुन्छ, त्यही बेला हरेक वर्ष मलको हाहाकार हुँदै आएको छ । तैपनि सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय सरकार कसैले यसको उचित समन्वय गर्दै मलको व्यवस्थापन गर्न सकिरहेको छैन ।

बागमती प्रदेशमा रासायनिक मल आपूर्ति गर्ने जिम्मा मूलत: कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनले लिएको छ । यी संस्थाबाट मकवानपुर जिल्लाको सबै पालिकाका सबै वडा तहमा सहकारी संस्था तथा व्यक्तिगत पसललाई डिलर कायम गरेर मलको सहज उपलब्ध गराउने कार्य गतवर्षदेखि सुरुवात भयो । कम्पनी र कर्पोरेशनले समयमै मल ल्याउन नसक्दा किसानहरु ठूलो समस्यामा परेका छन् । विशेष गरी युरिया, डीएपी र पोटास मलहरु बाली लगाएपिच्छे आवश्यक पर्दछ । त्यसमध्ये सबैभन्दा बढी युरिया मल खपत हुने गरेको छ । आफ्नो देशमा वर्षमा आवश्यक पर्ने मलको परिमाण अनुसार समयमै मल आयात गरेर राख्न नसक्नु सरकारको गम्भीर कमजोरी हो ।

मल अभाव टार्न मकवानपुरका केही किसानहरुले मधेश प्रदेशका केही स्थानमा गएर महंगो मूल्यमा मल किनेर लुकाएर ल्याउन बाध्य भएका छन् । मधेश प्रदेश भारतीय सिमानामा पर्ने हुँदा भारतीय भूमिबाट सोझै किनेर ल्याउन पाउँदा केही हद्सम्म समस्या समाधान भएको होला तर, पहाडी जिल्लामा मल उपलब्ध नहुँदा भने वार्षिक उत्पादकत्वमै ह्रास आउने पक्का छ । केही किसानले मधेश प्रदेशबाट मल ल्याउँदा पनि कानूनी झन्झट व्यहोर्नु परिरहेको गुनासो नआएका होइनन् । त्यसैले मल अभावको दीर्घकालीन समस्या समाधान गर्न विशेष योजना ल्याउँदै सरकारले तत्कालको समस्या टार्न सरकार-सरकारबीच समन्वय गर्नु टड्कारो आवश्यकता छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ २८ गते शनिबार ११ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य द्वादशी । तछलाथ्व द्वादशी ११४२ । सुर्योदय: ५:०९, सुर्यास्त: ६:५८ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलोको समय रहेको छ | तुला | : सम्पत्तिको खचपच हुनेछ |
| वृष | : शरीरमा समस्या देखिन सक्नेछ | वृश्चिक | : सुखभोगको समय रहेकोछ |
| मिथुन | : सामाजिक प्रतिष्ठा बढ्नेछ | धनु | : आर्थिक लाभ मिल्नेछ |
| कर्कट | : सानातिना अवरोध आइरहनेछ | मकर | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| सिंह | : मित्रसंग विवाद हुनसक्नेछ | कुम्भ | : आफन्तको सहयोग मिल्नेछ |
| कन्या | : भेटघाटमा समय बित्नेछ | मीन | : यात्राको लागि राम्रो समय छ |

# विद्यालयमा लैंगिक हिंसा



✍ वीणा झा

कुनै पनि दीर्घकालीन परिवर्तनका लागि संरचना र संस्कार दुवै आवश्यक पर्छ । नीति, नियम कानुनको रूपमा केही हदसम्म संरचना त तयार गरियो तर त्यसलाई प्रयोग गर्ने संवेदनशीलताको संस्कार निर्माण गर्न नसक्दा आज हरेक क्षेत्रमा यौन हिंसाका घटनाले समाजको स्वास्थलाई विषाक्त पार्दैछ । प्राय: जसो प्रत्येक दिन कुनै न कुनै रूपले विद्यालय तहमा भएका यौन हिंसाका खबरले समाजलाई लज्जित र आक्रोशित बनाउन थालेको छ । यसको पछिल्लो उदाहरण काठमाडौंको चाबहिलस्थित एक विद्यालयमा भएको घटना र विद्यार्थीहरू विद्यालय पोशाकमै आक्रोशित मुद्रामा सडकमा पुगेको दृश्यबाट लिन सकिन्छ । आखिर किन दैनिक रूपमा विद्यालयमा बालबालिका संगको यौन हिंसा सम्बन्धित घटनाको खबरहरूले समाजलाई मर्माहत पार्दैछ ? यस्ता घटनाहरू घट्छन, भीड जम्मा हुन्छ, केही लेखहरू प्रकाशित हुन्छन् त्यसपछि फेरि कुरा सेलाउन नपाउँदै त्यस्तै प्रकृतिको अर्को घटनाको खबर बाहिर आउँछ र समाजलाई पुन: लज्जित बनाउँछ ।

२१औं शताब्दीको आजको समाज जहाँ हरेक व्यक्तिको सम्मानसहितको गुणात्मक जीवनलाई विकास र समृद्धिको पहिलो आधारको रूपमा लिइन्छ त्यस्तोमा यस्ता अमानवीय घृणित अपराधका खबरहरूले कसलाई विचलित न बनाउला ? यसको निरन्तरता भइरहनुको पछाडि कतै लैंगिक संवेदनशीलताको अभाव त होइन ? लैंगिक संवेदनशीलता भनेको आफू सँगसँगै समाजमा रहेका सबै लिंगीहरूका शारीरिक, मानसिक, व्यावहारिक र बौद्धिकलगायतका हरेक किसिमका अवस्था र क्षमतालाई सम्मानका साथ स्विकार्नु र त्यसप्रति संवेदनशील हुनु हो ।

हाम्रा विद्यालयहरूमा यसका लागि आवश्यक पर्ने पूर्वाधारहरू तयार छन् कि छैनन् ? अर्थात् त्यहाँ अध्ययनरत विद्यार्थीहरू, शिक्षक तथा सम्पूर्ण कर्मचारी लैंगिक संवेदनशील बनाउन के कस्तो रणनीति र कार्यक्रमहरू तयार पारेका छन् ? किनकी विद्यालयजस्तो संस्थाले आफूसँग सम्बन्धित सम्पूर्णलाई लैंगिक संवेदनशील बनाउन के कस्तो वातावरण निर्माण गर्छ त्यसको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ विशेषगरी विद्यालय तहमा किनकि जीवनको जग हाल्ने ठाउँ नै विद्यालय हो जहाँ समाजको स्वरूप र अवस्था प्रस्ट झल्किन्छ ।

विज्ञता र आवश्यकताको आधारमा पेसागत हिसाबले समाजका विभिन्न संस्थासँग जोडिएका हरेक व्यक्ति यही समाजमा हुर्केका हुन् जहाँ पितृसत्तात्मक सामाजिक संरचनामा भएको तिनको सामाजिकीकरणको प्रभाव तिनका सोच, व्यवहार र कार्यशैलीमा प्रत्यक्ष झल्किन्छ । समाजमा विद्यमान लैंगिक विभेदका कतिपय गलत भाष्यहरूबाट अप्रभावित रहन तथा ती गलत सोच र अभ्यासहरूलाई सच्याउनका लागि पहल गर्न चेतनाको स्तर परिवर्तन हुन आवश्यक छ जसको लागि अध्ययन र विश्लेषण क्षमता चाहिन्छ । राज्यले आफ्ना विभिन्न निकायहरूमार्फत् समाजको सचेतना बढाउन विभिन्न नीति निर्माण तथा कार्यक्रमहरू गर्नु पर्ने हुन्छ ताकी समाजमा हरेक व्यक्ति सम्मानका साथ बाँच्न पाऊन् । त्यसको सुनिश्चितताका लागि उपयुक्त नियम कानुनको निर्माण तथा प्रभावकारी कार्यन्वयनप्रति सचेत रहनु राज्यको दायित्व पनि हो ।

विश्वव्यापीकरणले विश्वदेखि व्यक्तिसम्म अत्यधिक प्रभाव पारेको अहिलेको समयमा तीनका परिवर्तित दैनिकी, कार्यविभाजन र जिम्मेवारीले उब्जाउन सक्ने असुरक्षाप्रति सम्बन्धित सम्पूर्ण निकायहरूको बुझाई स्पस्ट हुन आवश्यक छ । त्यसका लागि पितृसत्तात्मक संरचनाले गरेको सामाजिकीकरणद्वारा निर्देशित यथास्थितिवादीहरूका मानसिकतालाई परिमार्जन गर्न के के उपाय अपनाउने ? त्यसबारे छलफल गरिने अभ्यासहरू खासै गरिएको भेटिन्न ।

जसले गर्दा विद्यालय मात्रै होइन समाजका प्राय: जसो हरेक संस्था र निकायहरू लैंगिक विषयप्रति जति संवेदनशील हुनुपर्ने हो त्यति हुन सकेको देखिन्न । अर्थात् लैंगिक संवेदनशीलतालाई हामीले आफ्नो संस्कारको रूपमा अंगाल्न सकेका छैनौं । कुनै पनि दीर्घकालीन परिवर्तनहरूका लागि संरचना र संस्कार दुवै आवश्यक पर्छ । नीति, नियम कानुनको रूपमा केही हदसम्म संरचना त तयार गरियो तर त्यसलाई प्रयोग गर्ने संवेदनशीलताको संस्कार निर्माण गर्न नसक्दा आज हरेक क्षेत्रमा यौन हिंसाका घटनाले समाजको स्वास्थलाई विषाक्त पार्दैछ ।

वास्तवमा विद्यालयमा हुने लैंगिक हिंसाको स्वरूप र कारणहरू सर्सर्ती हेर्दा मुख्य रूपमा विगतदेखिका स्थापित पितृसत्तात्मक सोचले निर्देशित भाष्यहरू, त्यसबाट नियन्त्रित सोचहरू जहाँ लिङ्गीय आधारमा विभिन्न गलत सोच र बुझाइहरू स्थापित गरिएका छन् त्यसको ठूलो भूमिका रहेको देखिन्छ । समाजद्वारा स्थापित र नियन्त्रित कथित राम्रो र नराम्रो महिला र पुरुषको अलग अलग दुईवटा फ्रेम जसमा समयसापेक्ष आवश्यक परिमार्जनको अभाव रहेको छ । त्यसलाई पुन: परिभाषित गरिनुका साथै आवश्यक परिवर्तन जरुरी छ । समाजका हरेक संरचनाहरूले यौन शोषण र लैंगिक हिंसाप्रति गर्ने प्रतिक्रियामा एउटा समानता के देखिन्छ भने सकेसम्म यसलाई लोकलाजको विषय बनाउँदै भित्रभित्रै मिलाउन खोज्नु, पीडितको भोगाइका पीडादायी अनुभूतिहरूलाई उपेक्षा गरिनु, यस्ता विषय बाहिर ल्याउँदा विद्यालय, पीडित, समुदाय, परिवार सबैको बेइज्जत हुने सोच बोकी राख्नु र पीडितलाई सकेसम्म यसबारे बोल्न निरुत्साहित हुने खालको वातावरणले प्रोत्साहन पाउनु भन्ने देखिन्छ । जसले गर्दा पीडक भित्र भित्रै हौसिँदै जान्छ र उसलाई आफूले गरेको कार्य अपराध हो भन्नेसम्म भान हुँदैन ।

अहिलेको अवस्थामा जसरी तीव्रताका साथ सामाजिक संरचना, महिला र पुरुषका जीवन शैली, कार्य विभाजनदेखि लिएर जिम्मेवारी र जवाफदेहितामा जुन किसिमले परिवर्तनहरू आएका छन् त्यसलाई शीघ्रताका साथ बुझ्न र सम्बोधन गर्न सम्बन्धित सम्पूर्ण जिम्मेवार पक्षलाई कतिको सक्षम र संवेदनशील बनाइएको छ त्यो अत्यधिक महत्वपूर्ण विषय हो किनकी यसले घटना घट्न नदिने किसिमको सचेतना बढाउने कार्य गर्न सक्छ । वर्तमान अवस्थामा समाजमा स्थापित सम्बन्धहरूको परिभाषा बदलिएको छ ।

जस्तो कि परिवारको संरचना तथा भूमिकाबारे स्थापित परिभाषा, विद्यालयको भूमिकाबारे दिइएको परिभाषा अथवा व्यक्तिगत सम्बन्धहरूका नाम, सीमा र परिभाषा ती सबैका सम्बन्ध र भूमिका तथा अपेक्षाहरूमा व्यापक परिवर्तनहरू देख्न सकिन्छ । चाहे त्यो अभिभावक र छोरा छोरीबिचको सम्बन्धको कुरा गरौं वा शिक्षक र विद्यार्थीबिचको वा तिनका साथीहरू बिचको अब प्रश्न यो उठ्छ कि ती परिवर्तित अवस्थालाई बुझ्न र बुझाउन अनि त्यस अनुरूपको समय सान्दर्भिक अपेक्षाहरू पूरा गर्न आवश्यक पूर्वाधारहरू निर्माण गरिएको छ ? कसले कसरी के गर्ने, यसबारे केही स्पष्टता छ ?

पछिल्लो समयमा छात्र-छात्राहरूका रुचिमा देखिएका समानताहरू बढ्दो छ चाहे त्यो पठनपाठनका विषय चुन्ने कुरा होस् वा विद्यालयमा रहेको अतिरिक्त क्रियाकलापमा सहभागिताको यसप्रति अभिभावकका तर्फबाट पनि कुनै विशेष परिस्थिति बाहेकका अवस्थामा सकारात्मक सहयोग हुने गरेको देखिन्छ तर यथास्थितिवादी पितृसत्तात्मक सोचले ग्रसित मानसिकता बोकेका विद्यालयसँग सम्बन्धित व्यक्तिहरू आफू र आफ्नो सोच परिमार्जन गर्न नसक्दा बेलाबखत शिक्षाजस्तो महत्वपूर्ण भूमिका निर्वाह गर्न बसेका संस्थाले अनेक आक्षेप र अपमान सहनु पर्ने अवस्था बढ्दो छ । यसप्रति विद्यालय अत्यधिक संवेदनशील बन्न जरुरी छ । यसका लागि हुन त विद्यालयहरूले आ-आफ्नो सामाजिक धरातल, स्रोत साधनको उपलब्धता, विद्यालयमा संलग्न मानव स्रोतको क्षमताका आधारमा आफू अनुकूलका विविध उपायहरूलाई अवलम्बन गर्न सक्छन् तर पनि केही यस्ता प्रयासहरू जुन हरेक विद्यालयले गर्न सक्छन् र गर्न अनिवार्य पनि छ त्यो भनेको लैंगिक संवेदनशील बढाउँदै लैंगिक विभेद हटाउन भूमिका खेल्न सकिन्छ ।

जसका लागि हरेक विद्यालयले कम्तीमा वर्षको एकपटक आफ्ना सम्पूर्ण कर्मचारी तथा विद्यार्थीहरूलाई लैंगिक संवेदनशीलता बढाउन सहयोग पुऱ्याउने किसिमका प्रशिक्षण गराउने, आफ्नो विद्यालयमा यौन हिंसा विरुद्धका रणनीति र कार्यदिशा सबैले स्पस्ट बुझ्ने गरी तयार पार्ने, विद्यालयमा यौन हिंसासँग सम्बन्धित विषय हेर्ने जिम्मा कुनै सक्षम अधिकार प्राप्त व्यक्तिलाई दिने, यस्ता विषयउपर छिटोभन्दा छिटो प्रक्रिया अघि बढाउँदै परिणाम आउने गरी संरचना निर्माण गर्ने र सबैभन्दा महत्वपूर्ण भनेको विद्यालयसँग सम्बन्धित सबैले यौन हिंसामा पीडित होइन पीडकले लाज मान्नु पर्छ भन्ने वातावरण निर्माण गर्नेजस्ता विषयहरूलाई लिन सकिन्छ ।

तर, बिडम्बना यस्ता विषयहरू उपर विद्यालयले छलफल गर्ने र आवश्यक रणनीति तयार गर्ने काम बिरलै गरेको भेटिन्छ । जसले गर्दा यौन हिंसाप्रतिको सचेतना र पीडकको मनमा डर दुवैको कमी निरन्तर भइरहेको छ । परिणामस्वरूप हरेक दिन बालबालिकाहरू यस्ता घटनाका शिकार हुन बाध्य छन् र राज्य निरीह झैं देखिन्छ । त्यसो भए के गर्नेतर्फ विचार गर्ने हो भने सर्वप्रथम हरेक विद्यालयले यौन हिंसा विरुद्धका नीति र कार्ययोजना बनाउनु अनिवार्य छ । त्यसका साथै विद्यालयसँग सम्बन्धित हरेक व्यक्तिलाई त्यसको बुझाइबारे स्पस्टता गराउनु पनि विद्यालयको दायित्वभित्र राखिनु पर्छ । अर्थात् हरेक विद्यार्थीदेखि लिएर शिक्षक कर्मचारी सबैलाई लैंगिक संवेदनशीलतासम्बन्धी कार्यशालामा सहभागी गराउँदै बुझाइको साँगुरो घेरालाई फराकिलो पार्न सहयोग गर्न जरुरी देखिन्छ ।

ताकी तिनका सोच, व्यवहार र गतिविधिलाई स्वयम अनुशासनभित्र राख्न सजिलो होस् । त्यसपछिको प्रक्रिया भनेको विद्यालयमा यौन हिंसालाई शून्य सहनशीलताको सिद्धान्तमा आधारित रही अगाडि बढाउनु पर्छ ताकि गलत मनशाय बोकेकाहरू त्रसित बनुन् र पीडितले पीडित हुनुपूर्व नै पाएका संकेतहरू सम्बन्धित ठाउँमा निर्धक्कसाथ बुझाउन सकून् र विद्यालय भनेको पवित्र ठाउँ हो भन्ने बुझाई र अनुभूति सबैमा रहिरहोस् ।

यदि होइन भने आउँदा दिनहरूमा अवस्था झन् झन् जटिल हुने देखिन्छ जहाँ पीडितका संख्या र पीडा बढ्दै जाने र कतिपय अवस्थामा केही बेइमान मष्तिष्कहरूले आफू अनुकूल परिस्थितिबाट स्वार्थ सिद्ध गर्न सक्ने अवस्था सिर्जना हुने सम्भावना बढ्छ । त्यसैले यसमा विद्यालय र समुदाय दुवैको सहकार्य र सम्बन्धित सबैको साझेदारी अपेक्षित छ ।

-साभार: न्युज अफ नेपाल

# उदाउँदो चीनलाई रोक्न सम्भव छ ?

✍ एन्ड्र्यु सेङ र स्याओ चेङ



सन् १९४४ मा प्रकाशित उत्कृष्ट पुस्तक द रोड टु सर्फडममा अस्ट्रियाका अर्थशास्त्री तथा दार्शनिक फ्रेडरिक अगस्ट भन हायकले चेतावनी दिएका थिए- केन्द्रीकृत योजना र सार्वजनिक स्वामित्वले अनिवार्यत: कठिनाइ, शोषण र अन्तत: तानाशाहीमा पुऱ्याउँछ । अर्कोतिर, खुला बजारले स्वाभाविक रुपमा मुलुकलाई अधिक कल्याणकारी बनाउँछ ।

त्यही वर्ष अमेरिकन-हंगेरियन आर्थिक इतिहासकार कार्ल पोलानीले आफ्नो पुस्तक द ग्रेट ट्रान्सफर्मेसनमा एकदम अलग चित्र प्रस्तुत गरे । उनको तर्क थियो- बजारको शक्ति र समाजबीच एक किसिमको आपसी संघर्ष हुन्छ । पुँजीपतिहरुले समाजलाई खुला बजारका माध्यमले शोषण गर्छन् र समाजले नियमकानुन तथ राजनीतिका माध्यमले त्यसको प्रतिरोध गर्छ ।

करिब ८० वर्ष बितिसक्यो । तथापि पोलानी र हायकको विरोधाभाषी दृष्टिकोण अझै पनि बेइजिङ र वासिङ्टनका शक्ति केन्द्रहरुमा गुन्जिरहन्छन् । पश्चिमले स्पष्ट रुपमा हायकको खुला बजार र लोकतन्त्रसहितको उदार व्यवस्था अपनायो । अर्कोतिर चीनले पोलानीको 'महान परिवर्तन' लाई लगभग पछ्यायो । यो मार्गबाट चीन क्रयशक्ति समानताका आधारमा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र बन्यो भने उसले निरपेक्ष गरिबीलाई करिब उन्मूलन गर्यो ।

हो, चीनको यो भीमकाय परिवर्तन आर्थिक खुलापन र बजार केन्द्रित सुधारबिना असम्भव हुने थियो । दशकौंसम्म यो प्रक्रियालाई सुरु गर्न र टिकाउन अमेरिकाले महत्वपूर्ण भूमिका खेल्यो । किनभने अमेरिकाले भूमण्डलीकरण फस्टाउने वातावरण सिर्जना गरिदियो । अमेरिकी प्रविधि, उसको सैन्य शक्ति र कूटनीतिले विश्वव्यापी सुरक्षास्थिति मजबुत बनायो । शान्ति व्यवस्थामै गरिबी निवारणको सम्भावना हुन्छ भन्ने कुरामा कसैले पनि विमति राख्दैन । अर्कोतिर, स्थिर डलरले अन्तर्राष्ट्रिय विनिमयमा सहजीकरण गर्यो ।

अमेरिकाले चीनसँग प्रत्यक्ष सहकार्य पनि गर्यो । यसले दुरगामी फाइदा दियो । शीतयुद्ध अन्त्यका लागि सहयोग गर्नदेखि लिएर जलवायु परिवर्तनविरुद्धको लडाइँमा समेत योगदान दियो । अर्कोतिर, विश्व अर्थतन्त्रसँग गहिरो सम्बन्ध बनाएको चीनको आर्थिक गतिशीलताले विश्वव्यापी आर्थिक वृद्धि बढाउन र २००८ को वित्तीय संकटजस्ता झट्काको असर कम गर्न मद्दत गर्यो ।

पोलानीले जुन मुद्दा उठाएका थिए, त्यो चीनमा मात्रै लागू भएको छैन । भारत, इन्डोनेसिया र ब्राजिलजस्ता विशाल उदाउँदा अर्थतन्त्र बजारको असफलताबाट उत्पन्न परिणामहरुसँग जुधिरहेका छन् । उनीहरु आय र सम्पत्तिको असमानता, प्रदुषण, जैविक विविधताको विनास र तापक्रम वृद्धिबाट पीडित छन् । अत्यधिक सरकारी नियन्त्रणले आफ्नै किसिमका समस्या जन्माउँछन्- यो कुरामा हायक र पोलानी दुवै सहमत थिए । तर, बजारको दुरुपयोगलाई कम गर्ने, बाहिरी नकारात्मक कारणहरुलाई निवारण गर्ने र सुरक्षा तथा समृद्धिको जनताको अपेक्षा पुरा गर्ने क्षमता राज्यसँग हुन्छ भन्नेमा कसैले प्रश्न उठाउन सक्दैन ।

वास्तवमा पोलानीले चेताएझैं बजारको असफलतालाई सम्बोधन गर्ने र राजनीतिक तथा आर्थिक स्थायित्व प्रदान गर्ने मामिलामा राज्य असफल भए राजनीतिक असन्तुष्टि चुलिन्छ । यसले सोभियत संघमा जस्तै राज्यको क्षयीकरण र पतनसमेत निम्त्याउन सक्छ । तसर्थ राज्यको क्षमता पनि बजारको क्षमताजत्तिकै महत्वपूर्ण हुने स्पष्ट छ । योभन्दा अझ विवादास्पद प्रश्न के छ भने बजार र राज्यको दुरुपयोगलाई कसरी रोक्ने ? अलगअलग व्यवस्थाले आआफ्नै तरिकाको सन्तुलन कायम गरेका हुन्छन् । चीनको शासन प्रणाली बहुसंख्यक जनसंख्यालाई ठोस परिणाम दिनमा केन्द्रित छ । यो काम उसले प्रशासनिक जवाफदेहीतन्त्रका माध्यमबाट गर्छ । पश्चिमा नजरले हेर्ने हो भने चीनको यो व्यवस्था चुनावी लोकतन्त्रभन्दा पुरै फरक छ । पश्चिमा लोकतन्त्रले कानुनी र प्रक्रियागत नियमहरु तथा व्यक्तिगत अधिकारमा जोड दिन्छ । त्यसैले पश्चिमलाई चिनियाँ तरिका अस्वीकार्य छ ।

चीनको यो व्यापक परिवर्तनले पश्चिमा शक्तिहरुबाट यति धेरै नकारात्मक प्रतिक्रिया किन जन्मायो, त्यसको जवाफ यी दुई व्यवस्थामा रहेका भिन्नताहरुले दिन्छन् । पश्चिमा शक्तिहरु पछिल्ला वर्षहरुमा चीनसँगको निकट सम्बन्ध र सहकार्य त्यागेर प्रतिस्पर्धा, टक्कर र नियन्त्रणको मार्गमा अघि बढेका छन् ।

सञ्चारमाध्यम, प्रविधि, वित्तीय क्षेत्र, व्यापार र पहिले सहकार्य भएका अरु क्षेत्रहरुलाई हतियार बनाउने कार्यले अवश्यंभावी तनाव वृद्धि गर्छ । जसले अन्तत: युद्धमा पुऱ्याउने खतरा रहन्छ । त्यसैगरी भारत र अन्य उदाउँदा शक्तिले जति धेरै ध्यान, स्रोत र क्षमता राष्ट्रिय सुरक्षा तथा रक्षा क्षेत्रमा खर्चिन्छन्, उति कम स्रोतसाधन आन्तरिक आर्थिक विकासमा लगाउन सक्छन् । त्यस्तै विश्व अर्थतन्त्रसँगको अन्तर्घुलनमा पनि उनीहरुको ध्यान कम हुन्छ । यसले बजारमा आधारित सम्बन्धलाई कमजोर तुल्याउनेछ । जुन सम्बन्धले गएका कयौं दशकमा शान्ति कायम गर्न ठूलो सहयोग गरेको थियो । चीन, भारत र इन्डोनेसियाले अहिले विश्वको जनसंख्याको ४० प्रतिशत हिस्सा ओगट्छन् । क्रयशक्ति समताको आधारमा यी तीन मुलुकको जीडीपी अमेरिकाको १७५ प्रतिशत छ । सन् २०५० सम्ममा यी तीन मुलुक विश्वका सबैभन्दा ठूला पाँच अर्थतन्त्रमा पर्नेछन् । तसर्थ, ठूला द्वन्द्व रोक्न संवादका माध्ययमबाट एउटा नयाँ बहुध्रुवीय विश्व व्यवस्था सिर्जना गर्नैपर्छ ।

शीतयुद्धकालीन मानसिकता थोत्रो भइसक्यो । उदाउँदा शक्तिहरुलाई नियन्त्रण गर्नैपर्छ भन्ने दृष्टिकोणले दुई वटा विश्व युद्धका पाठलाई पढ्न अस्वीकार गर्छ । यी दुई विश्व युद्ध दुई उदाउँदा राष्ट्रिय शक्तिहरु जर्मनी र जापानलाई रोक्न लडिएको थियो । तर, आज महादेश जत्रा उदाउँदा शक्तिसँग प्रतिस्पर्धा छ । तीसँग आणविक हतियार र विनाशकारी प्रविधि पनि छ । पोलानीले के बुझेका थिए भने व्यवस्थित परिवर्तनका लागि असीमित माग र सीमित स्रोतसाधनबीच सन्तुलन आवश्यक पर्छ । यसको समाधान भनेको या त पृथ्वी र मानव जातिको विनाशलाई तीव्र पार्ने युद्ध, या सबै मुलुकलाई समेट्ने एउटा सन्तुलित विश्व व्यवस्थामार्फत शान्ति र मानव जीवन रोज्ने ।

स्थिर सन्तुलन कायम राख्न मुलुकभित्र चरम अस्थिरता र विखण्डनलाई रोक्नु अत्यन्त महत्वपूर्ण हुन्छ । यसैकारण सिन्जियाङ, हङकङ र ताइवानजस्ता ठाउँमा आत्मनिर्णयको अधिकार दिनुपर्ने पश्चिमाहरुको आग्रह गलत छ । र, यस्तो दबाब चीन एक्लैले मात्र सामना गरिरहेको छैन । गत महिना अमेरिकी राज्य कनेक्टिकटको विधानसभाले सिख स्वतन्त्रता घोषणा दिवसलाई औपचारिक रुपमा मान्यता दिएकोमा भारत सरकार क्रुद्ध बनेको थियो । यो मान्यताले एउटा देशभित्र अर्को स्वतन्त्र राज्यलाई समर्थन गरेको देखिन्छ । हायक, पोलानी वा अरु कुनै विद्वानले दिएको सल्लाह पालन गरेर सबै मुलुकको प्राथमिकता, व्यवस्था र मूल्यमान्यता एउटै हुनुपर्छ भन्ने माग गर्नु अव्यावहारिक हुन्छ । तर, यसको अर्थ हामी निरन्तर र चर्किंदो द्वन्द्वमा बाँच्न नियत छौं भन्ने होइन । हामीले साझा मुद्दा फेला पार्नैपर्छ, रचनात्मक संवाद अघि बढाउनुपर्छ र विश्वमा शान्ति, समृद्धि र स्वस्थ ग्रहतर्फको 'महान परिवर्तन'का लागि सम्झौता गर्नैपर्छ ।

*(प्रोजेक्ट सिन्डिकेटबाट । एन्ड्र्यु सेङ युनिभर्सिटी अफ हङकङस्थित एसिया ग्लोबल इन्स्टिच्युटका अध्येता हुन् भने स्याओ चेङ प्राध्यापक तथा हङकङ इन्स्टिच्युसन फर इन्टरनेसनल फाइनान्सका अध्यक्ष हुन्)* -साभार: नेपालखबर

# लिग टू र नेपाली क्रिकेट



काठमाडौं/भारतमा हुने आईसीसी एकदिवशीय विश्वकप छनोटको प्रारम्भिक खुट्किलोका रुपमा सुरु भएको तीनवर्षे प्रतियोगिता आईसीसी विश्वकप लिग टू सन् २०१९ देखि आयोजना भएको हो ।

तीन वर्षको अन्तरमा ९ त्रिकोणात्मक शृंखलाबाट हरेक टिमले ३६ खेल खेल्नुपर्ने तालिका कोरोना महामारीका कारण अस्तव्यस्त रह्यो । निर्धारित समय सकिन ६ महिना बाँकी रहँदा नेपालले ३ शृंखलाका १२ खेलमात्र खेलेको छ । यही प्रतियोगिता खेलिरहेको ओमानले ३२ खेल खेलिसकेको छ ।

बुधबारदेखि नेपालका लागि चौथो र ओमानका लागि अन्तिम शृंखला अमेरिकामा सुरु भएको छ । नेपालले आफ्नो पहिलो खेलमा बिहीबार राति (नेपालको समय) अमेरिकाको पर्ल्याण्डस्थि मोसा रंगशालामा ओमानसँग खेल्दैछ ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद आईसीसीले यसअघि रहेको विश्व क्रिकेट लिग डिभिजनको संरचनामा परिमार्जन गर्दै २०१९ देखि एकदिवशीय विश्वकप छनोटको आधारको रुपमा नयाँ संरचनाको घोषणा गरेको हो । जसमा लिग टू दोस्रो तहको प्रतियोगिता हो । आईसीसीको १२ टेष्ट राष्ट्र (पूर्ण सदस्य)सहित नेदरल्याण्ड्सले आईसीसी सुपर लिग अन्तर्गत विभिन्न दुईपक्षीय शृंखलाहरु खेलिरहेको छ ।

नेपालसहित ओमान, स्कटल्याण्ड, युएई, अमेरिका, नामिबिया र पपुवा न्युगनी गरी सात राष्ट्रले लिग टू खेलिरहेका छन् । सुपर लिगमा रहेका १३ मध्ये आयोजक भारतसहित ८ राष्ट्र सिधै विश्वकपमा छनोट हुनेछन् । सोही प्रतियोगिताको पुछारमा रहेका पाँच टिम, लिग टूका सात र च्यालेन्ज लिगबाट आउने दुई टिम मध्येबाट दुई टोली विश्वकपमा छनोट हुनेछन् । आईसीसीको नियमअनुसार लिग टूका सातमध्ये शीर्ष तीन टिमले ग्लोवल क्वालिफायर खेल्नेछन् ।

अर्को वर्ष भारतमा हुने विश्वकपमा छनोट हुनका लागि नेपालको सम्भावना निकै कठिन देखिन्छ । सुपर लिगको अहिलेको अवस्था हेर्दा श्रीलंका, न्युजिल्याण्ड, दक्षिण अफ्रिका, जिम्बावे र नेदरल्याण्ड्स अन्तिम पाँच स्थानमा छन् । यद्यपी उनीहरुले पनि धेरै खेल खेल्न बाँकी छ । यदि यही अवस्था अन्तिमसम्म रह्यो र नेपालले ग्लोवल क्वालिफायरमा प्रवेश पायो भने शीर्ष दुईभित्र रहनु असम्भवजस्तै हुनेछ ।

तर नेपालजस्तो एसोसिएट टोलीका लागि लिग टू को संरचनामा ९ शृंखला खेल्न पाउनु ठूलो अवसर हो । त्यसबाहेक चार वर्षअघि पाएको एकदिवशीय मान्यतालाई कायम राख्नेतर्फ नेपालको ध्यान हुनेछ । यसका लागि लिग टू अन्तर्गत बाँकी ६ शृंखलाको २४ खेल नेपालका लागि महत्वपूर्ण छन् । नेपालले अमेरिकाको शृंखलापछि जुलाईको अन्तिममा स्कटल्याण्ड र नामिवियासम्मिलित शृंखला खेल्ने निश्चित भइसकेको छ ।

क्रिकेट संरचना कमजोर हुँदा शृंखला आयोजना गर्न नसक्नु, कोरोना महामारीको असरलगायतका कारण नेपालले लिग टूबाट अपेक्षाकृत लाभ लिन सकिरहेको छैन । झण्डै तीन वर्षको अवधिमा यो प्रतियोगितामा नेपालले सबैभन्दा थोरै १२ खेल खेलेको छ ।

नेपालसँगै अमेरिकामा त्रिकोणात्मक शृंखला खेल्ने ओमानले ३३ खेल खेलिसकेको छ । नेपाल, अमेरिका र ओमान सम्मिलित यस शृंखलाको पहिलो खेलमा ओमानले अमेरिकासँग खेलिसकेको छ । अब ओमानले नेपालसँग दुई र अमेरिकासँग एक खेल खेल्न बाँकी छ । यस भ्रमणपछि ओमानको लिग टू मा सबै खेल सकिनेछ र शीर्ष तीनमा रहेर ग्लोबल छनोटमा पुग्ने लगभग पक्का छ । ओमानले ३३ खेलमा २० जितसहित शीर्ष स्थान कब्जा गरेको छ ।

***अमेरिकामा नेपालको चुनौती***

यसअघि नेपालले ओमान र अमेरिका सम्मिलित दुई शृंखला खेलेको छ । उक्त शृंखला नेपाल र ओमानमा भएको थियो । दुवैमा ४ खेल खेल्दा नेपालले २-२ खेल जितेको छ । लिग टू मा नेपालको लागि ओमान र अमेरिका परिचित प्रतिद्वन्दी हुन् । नेपालले ओमानलाई १ पटक पारजित गर्दा ३ खेलमा हार बेहोरेको छ । अमेरिकाविरुद्ध भने नेपालको नतिजा राम्रो छ । नेपालले अमेरिकालाई ३ खेलमा हराउँदा एक खेल हारेको छ । यी तीन टिम सम्मिलित यो अन्तिम शृंखला हो ।

यसअघि दुई शृंखलाको लागि नेपाल र ओमान पुगेको अमेरिकाले यस पटक आफैं शृंखला आयोजना गर्दा दाबेदार टोलीको रुपमा देखिएको छ । अमेरिकाको मौसम र त्यहाँको पिच र विकेट कन्डिसन फरक रहेकोले नेपाललाई त्यहाँ खेल्न त्यति सहज छैन । हुनत नेपालले १० दिनअघि नै ह्युस्टन पुगेर त्यहाँ दुई अभ्यास खेलेको थियो । मोसा स्टेडियममा पनि नेपालले प्रशिक्षण गरेको छ । पछिल्लो खेलहरुमा सो पीचमा तीन सयभन्दा बढी रन बनिरहेकाले नेपालको ब्याटिङप्रति सबैको चासो छ । अर्को नेपाली टिमका दुवै नियमित ओपनर अमेरिका पुगेपछि घाइते भए । पछिल्लो एक वर्ष नेपाली टिमको ओपनिङमा आशाको रुपमा उदाएका कुशल भुर्तेल र आसिफ शेख अभ्यास खेलका क्रममा घाइते भएपछि नेपालको ओपनिङमा फेरि चिन्ता बढेको छ । दुवै खेलाडीले पहिलो खेल खेल्न नसक्ने अवस्था देखिएपछि सुबास खकुरेललाई अमेरिकालाई बोलाइएको छ ।

अब ओपनरको विकल्पमा रहेका सुनिल धमला र सुवास खकुरेल ओपनिङ जोडीको रुपमा देखिने सम्भावना छ । सुनिल धमलाले सन् २०१७ मा केन्याविरुद्ध विश्व क्रिकेट लिगमा नेपालका लागि डेब्यु गरेका थिए । त्यसपछि अहिले राष्ट्रिय टिममा पुनरागमन गरेका उनले ओमानविरुद्ध खेलेमा एकदिवशीय अन्तर्राष्ट्रियमा डेब्यु गर्नेछन् । यस्तै सुवासले २०२० मा नेपालमै भएको लिग टू शृंखलामा शरद भेषावकर घाइते भएपछि रिप्लेसमेन्ट खेलाडीको रुपमा टिममा पर्दै ३ खेल खेलेका थिए । सुबासको अमेरिका कनेक्सन राम्रो रहे पनि पछिल्लो समय उनी राष्ट्रिय टिममा नियमित छैनन् ।


***अबको बाटो***

नेपालको लागि अहिले दुई मुख्य चुनौती छन् । एउटा शीर्ष तीनमा रहेर ग्लोबल छनोटमा पुग्ने अर्को एकदिवशीय मान्यता टिकाइराख्ने । त्यसका लागि नेपालले मैदानमा राम्रो प्रदर्शन गर्दै खेल जित्नुको अर्को विकल्प छैन । तर, अहिले नेपालको ध्यान अमेरिकामा हुने चार खेलमै केन्द्रित हुनेछ । प्रशिक्षक पुबुदु दासानायकेले अब अहिले एकदिवशीय मान्यता भन्दा पनि उत्कृष्ट प्रदर्शनमा जोड दिँदै आएका छन् । कप्तान सन्दीप लामिछानेले अमेरिका जानुअघि नेपालले ब्याटिङबाटै चारवटै खेल जिताउने विश्वास देखाएका थिए । तर, प्रमुख दुई खेलाडी घाइते हुनु र त्यहाँको फरक परिवेशले यो शृंखला नेपालका लागि अपेक्षाकृत सहज छैन ।

नेपालले लिग टूको राम्रो स्थानमा रहन लागि भने अमेरिका भ्रमण महत्वपूर्ण छ । चारवटै खेल जित्ने हो भने नेपालले नामिबियालाई पछि पार्दै अंकतालिकामा सुधार गर्नेछ । यसपछि नेपालले आगामी जुलाईमा अर्को स्कटल्याण्ड भ्रमण गर्नेछ जसमा नेपाल र स्कटल्याण्डसहित नामिबियाले प्रतिस्पर्धा गर्नेछन् । लिग टू मा स्कटल्याण्ड र नामिबियासँग नेपालको त्यो पहिलो भेट हुनेछ । यी दुई शृंखलाको ८ खेलपछि नेपालको अवस्था लगभग प्रष्ट हुनेछ ।

त्यसपछि पनि नेपालले स्कटल्याण्ड र नामिबिया सम्मिलित दुई तथा युएई र पपुवा न्युगिनी (पीएनजी) सहितको दुई गरी चार शृंखला खेल्न बाँकी हुनेछ । अमेरिका भ्रमणपछि पनि नेपालले अझै २० खेल खेल्न बाँकी हुनेछ । केही समयअघि आईसीसीले लिग टू मा सहभागी टिमको बारेमा एक सामग्री प्रस्तुत गर्दै नेपालको अवस्था सन्तुलित रहेको जनाएको थियो । नेपालले अहिलेसम्म ५० प्रतिशत खेल जितेको छ । केही समयअघि राष्ट्रिय टिमका सदस्य दीपेन्द्र सिंह ऐरीले कुराकानीमा लिग टू मा नेपालको अहिलेसम्म प्रदर्शन औसत रहेको बताएका थिए । -साभार: अनलाइनखबर

# खगेन्द्रको 'पानीफोटो' साउनमा



काठमाडौं/अभिनेता खगेन्द्र लामिछानेको निर्देशनमा डेब्यु फिल्म 'पानीफोटो' को प्रदर्शन मिति परिवर्तन भएको छ । आगामी १० भदौ प्रदर्शनमा आउन लागेको फिल्म सरेर १३ साउनमै आउने भएको हो । निर्देशक समेत रहेका अभिनेता खगेन्द्रले फिल्म १३ साउन उपयुक्त मिति देखेर रिलिज गर्न लागेको बताए ।

अभिनेता खगेन्द्रले आफू लिखित नाटक 'पानीफोटो'लाई फिल्मको स्वरुपमा ढालेका हुन् । माओवादी जनयुद्धको समयमा झन्डै डेढ दशक अगाडि बेपत्ता भएको छोराको पर्खाइमा बसेका बा-आमाको कथालाई प्रस्तुत गरिएको फिल्ममा खगेन्द्रसँगै सुनिल पोखरेल, अनुप बराल, मेनुका प्रधान, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ्ग, मलिका महत, अशान्त शर्मालगायतको अभिनय रहेको छ ।

काठमाडौं, बर्दिया, रोल्पा र स्याङ्जामा छायांकन भएको फिल्मलाई दीपक बज्राचार्यले छायांकन गरेका हुन् । त्यस्तै, फिल्ममा निमेष श्रेष्ठ र अर्जुन कार्कीको सम्पादन र पुष्पा संगमको पार्श्व संगीत छ । टुकी आर्ट्स र मन्जुश्री फिल्म्सले निर्माण गरेको फिल्ममा खगेन्द्र स्वयंको लेखन छ । फिल्म खगेन्द्रकी श्रीमती रोजिना सिटौला र रविन्द्र बज्राचार्यले निर्माण गरेका हुन् ।

# सौगात र सलोन अभिनित 'घनचक्कर'को नेवारी गीत सार्वजनिक



काठमाडौं/असार १० गतेदेखि रिलिजको तयारीमा रहेको फिल्म 'घनचक्कर'को नेवारी भाषामा बनेको गीत सार्वजनिक गरिएको छ ।

गीतमा फिल्मका मुख्य कलाकारबीचको प्रेम र पैसाको चक्करमा हिंड्ने उनीहरुको स्वभाव चित्रण छ । बिजेन श्रेष्ठको संगीत रहेको गीतमा भुपेन्द्र बज्राचार्यको शब्द तथा स्वर छ ।

कमेडी फिल्मलाई जितेन्द्र राजोपाध्यायले निर्देशन गरेका हुन् । फिल्ममा सौगात मल्ल, सलोन बस्नेत, सरोज खनाल, कशिमरा लामा, शिशिर भण्डारी, आशान्त शर्मा, ईश्वरी खड्का, कृष्णभक्त महर्जन, घनश्याम जोशी लगायतको अभिनय छ ।

सुसन प्रजापतिले खिचेको फिल्ममा अर्जुन सिंहको कथा, काजी लिम्बूको पटकथा तथा संवाद, अष्ट महर्जनको द्वन्द्व निर्देशन, प्रदीप श्रेष्ठ र साइमन राजवंशीको कोरियोग्राफी, विपिन आचार्य र देव कोइमीको संगीत र मित्र गुरुङको सम्पादन छ । फिल्मलाई सुनिल मानन्धरको श्रीराम बालाजीले वितरण गर्दैछ ।

-साभार: अनलाइनखबर

# बर्खा लागेसँगै नारायणगढ-मुग्लिन र पृथ्वी राजमार्गमा यात्रुलाई सास्ती

चितवन/ बर्खा लागेसँगै पहाडी क्षेत्रका राजमार्गमा बाढी पहिरो जान थालेपछि यात्रुले सास्ती पाउन सुरु भएको छ ।

नारायणगढ-मुग्लिन सडक खण्ड र पृथ्वी राजमार्गमा पानी पर्ने बित्तिकै पहिरो जाने समस्याले यात्रुहरूले सास्ती खेप्न बाध्य छन् ।

पहिरोले सडक अवरुद्ध हुँदा सवारी साधनको लामो लाइन लाग्ने गर्छ । गए रातिदेखि अवरुद्ध नारायणगढ-मुग्लिन सडक र मुग्लिन-नौविसे सडक एक घण्टाअघिदेखि सञ्चालनमा आएको छ । चितवनमा पर्ने सबै राजमार्ग सामान्यरूपमा सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता नरहरि अधिकारीले जानकारी दिए । इच्छाकामना गाउँपालिका-६ तोपेखोलास्थित नाम्सी पुलमा पहिरो खसेका कारण बुधबार रातिदेखि सडक अवरुद्ध भएको थियो । त्यस्तै, इच्छाकामना-४ स्थित नाग्दीखोला र इच्छाकामना-५ स्थित कालिखोलामा बुधबार राति ११:१५ बजेदेखि पहिरो खसेका कारण नारायणगढ-मुग्लिन सडक र मुग्लिन-नौबिसे सडक दुईतर्फी अवरुद्ध भएको थियो ।

बिहीबार दिउँसो १२ बजेदेखि दुवै सडक खण्डमा गाडी सञ्चालनमा आएको प्रवक्ता अधिकारीले बताए । अहिले पानी परेको छैन । पानी पर्ने वित्तिकै पहिरो जाने जोखिम रहेकाले संयमित भएर सवारी साधन चलाउन प्रहरीले आग्रह गरेको छ । -साभार: इकागज

# क्रोएसिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक पक्राउ



काठमाडौं/क्रोएशिया पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले ठगी आरोपमा एक जनालाई पक्राउ गरेको सूचना अधिकारी प्रहरी उपरीक्षक दिनेशकुमार आचार्यले जानकारी दिए ।

मोरङ विराटनगर-२० घर भई काठमाडौं-१० बस्ने ३६ वर्षीय उत्सव दाहाललाई पक्राउ गरेको हो । उनले एक पीडितलाई वैदेशिक रोजगारको लागि क्रोएशिया पठाइदिन्छु भनेका थिए । जसका लागि उनले दुई लाख रुपैयाँ लिएका थिए । तर त्यसपछि उनी सम्पर्कबिहीन भएका थिए । सम्पर्कबिहीन भएपछि पीडित वैदेशिक रोजगार विभाग पुगेका थिए । विभागले पत्राचार गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । पक्राउ परेका दाहाललाई प्रहरीले विभागमा बुझाएको छ । -साभार: सेतोपाटी

# जसपाभित्र फेरि सुरु भयो विवाद

## जसपाभित्रको खटपटले विधान अधिवेशन अन्योलमा



काठमाडौं/जनता समाजवादी पार्टी नेपाल (जसपा)मा फेरि विवाद ब्युँतिएको छ । स्थानीय चुनावसम्मका लागि थाती राखिएको विवाद फेरि बाहिर आएको हो ।

पार्टीभित्रका विवाद मिलाउन असार १ गते विधान अधिवेशन गर्ने सहमति भएको थियो तर त्यो अधिवेशन हुने कि नहुने भन्नेमै अन्योल देखेपछि संघीय परिषद्का अध्यक्ष डा.बाबुराम भट्टराई पक्षका नेताहरुले असन्तुष्टि जनाइरहेका छन् ।

जसपाको अन्तरिम विधानमा दुई जना अध्यक्ष रहने प्रावधान राखिएको छ । विधान अनुसार दुई जना अध्यक्ष राख्नु पर्‍यो या यसलाई संशोधन गर्नुपर्‍यो भनेर आवाज उठेपछि जसपामा एक जना अध्यक्षमात्र राख्ने गरी विधान संशोधन गर्न विधान अधिवेशन गर्ने निर्णय भएको थियो । तर विधान अधिवेशन नै हुने छाँटकाँट देखिएको छैन ।

अध्यक्ष भट्टराई पक्षले पार्टीमा दुई जना अध्यक्ष रहनुपर्ने तर्क गर्दै आएको छ भने जसपा अध्यक्ष उपेन्द्र यादव एक जना अध्यक्षको पक्षमा छन् । विधानमा रहेको दुई अध्यात्मक प्रणालीलाई संशोधन गर्न विधान अधिवेशन आयोजना गर्ने भनिए पनि अधिवेशन नै अन्योलमा परेको छ ।

चुनावअघि जसपाभित्र नेतृत्व तथा संगठन संरचना लगायतको विषयमा विवाद उत्पन्न भएको थियो । जसपाको अन्तरिम विधानमा उल्लेख भए अनुसार दुई जना अध्यक्ष हुनुपर्ने माग पार्टीका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले गरेका थिए । पार्टीमा कुनै पनि निर्णय सामूहिक नेतृत्वबाट हुनुपर्ने साथै बैठकहरू पनि विधानअनुसार हुनुपर्ने माग बाबुराम भट्टराईको थियो ।

अध्यक्ष भट्टराई पक्षले आफ्ना माग पूरा गर्न दबाब सिर्जना गर्ने उद्देश्यले पार्टीभित्र हस्ताक्षर अभियानसमेत चलाएको थियो । अध्यक्ष भट्टराई पक्षले बहुमत सदस्यको हस्ताक्षर संकलन गरिसकेपछि त्यसको दबाबमा अध्यक्ष उपेन्द्रयादवले कार्यकारिणी समिति र केन्द्रीय समितिको बैठक बोलाएका थिए ।

अध्यक्ष यादवले पार्टीमा अर्को अध्यक्ष नथप्ने तर पार्टीमा सामूहिक निर्णय गर्ने पद्धति संस्थागत गर्न अध्यक्ष यादव, संघीय परिषद् अध्यक्ष भट्टराई र वरिष्ठ नेता अशोक राईलाई राखेर हेडक्वाटर निर्माण गरे ।

पार्टीको कुनै पनि निर्णय यी तीन जनाको सहमतिमा हुने भनिएको थियो । त्यसका साथै, स्थानीय तहको चुनावका लागि वितरण गर्ने मनोनयन पत्र (टिकट) मा हस्ताक्षर गर्ने जिम्मेवारी वरिष्ठ नेता अशोक राईलाई दिइएको थियो । बाँकी विषय चुनावपछि पार्टीमा छलफल गरेर टुङ्गो लगाउने सहमति भएको थियो ।

तर अध्यक्ष यादवले पार्टीको बैठक बोलाएका छैनन् । त्यही बैठक बोलाउन अध्यक्ष भट्टराई पक्षका नेताहरुले माग गर्न थालेका छन् । अध्यक्ष भट्टराई पक्षका नेताहरुले पार्टीमा सामूहिक निर्णय गर्ने सहमति भए पनि अध्यक्ष यादवले स्थानीय चुनावदेखि पार्टीका अन्य गतिविधिमा एकलौटी गरेको आरोप लगाएका छन् ।

'चुनाव सकिएको यत्रो दिन भइसक्दा पनि पार्टीमा समीक्षा बैठक बसेको छैन,' अध्यक्ष भट्टराई पक्षका एक नेताले भने, 'सबै दलले समीक्षा गरिसके, तर हाम्रो पार्टीका अध्यक्षज्यूले बैठकसमेत बोलाउन चाहनु भएको छैन ।' नेतृत्व चयन, पार्टी समायोजन लगायतका काममा चुनावपछि छलफल गर्ने भनिए पछि बैठक नै नबोलाइएको भट्टराई पक्षका नेता बताउँछन् ।

पार्टीका महासचिव रामसहाय यादवले केन्द्रीय समितिको बैठकले असार १ गते विधान अधिवेशन गर्ने निर्णय गरेको थियो तर चुनावले गर्दा सो कार्यतालिका प्रभावित भएको बताए ।

'यद्यपि, असार १ मा अधिवेशन गर्ने कुरा अहिलेसम्म छँदैछ, यदि सार्ने कुरा हुन्छ भने बैठक बसेरै त्यसबारे निर्णय हुन्छ,' उनले भने । पार्टीको बैठक बस्ने तयारी भइरहेको बताउँदै उनले प्रदेश तथा जिल्लाबाट चुनावी समीक्षाको प्रतिवेदन आइसकेपछि केन्द्रमा बैठक बस्ने तय भएको र सोही अनुसार तयारी चलिरहेको बताए ।

'पार्टीमा अब कुनै विवाद छैन, चुनावअघि बसेको कार्यकारिणी तथा केन्द्रीय समितिको बैठकबाट सबै समस्या समाधान गरिसकेको बताउँदै उनले यदि कुनै असन्तुष्टि छ भने त्यसलाई पार्टीको बैठकमार्फत समाधान गर्न सकिन्छ,' उनले भने ।

तर पार्टी प्रचार विभागका प्रमुख डम्बर खतिवडाले पार्टीमा देखिएको प्रमुख समस्या समयमै बैठक नबस्नु नै रहेको बताए । उनले भने, 'केन्द्रीय समितिको बैठकले असार १ मा विधान अधिवेशन गर्ने निर्णय गर्‍यो, बिहीबार २६ गते भइसक्यो, त्यसको तयारी बैठक बस्नुपर्ने हो तर अहिलेसम्म कुनै अत्तोपत्तो छैन ।' यो छाँटकाँटले असार १ गते हुने भनिएको विधान अधिवेशन होलाजस्तो आफूलाई नलागेको उनले बताए ।

-साभार: रातोपाटी

# बजार अनुगमन : ११ महिनामा १२ सय फर्मलाई कारबाही




काठमाडौं/वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनका क्रममा चालु आर्थिक वर्षको ११ महिनामा १२०१ फर्मलाई कारबाही गरेको छ । कारबाहीबाट एक करोड ५० लाख ८६ हजार रुपैयाँ जरिवाना संकलन भएको विभागका महानिर्देशक लिलाप्रसाद शर्माले बताए ।

चालु आवको हालसम्म २ हजार ७ सय १३ फर्ममा अनुगमन गर्दा १२ सय एक फर्मलाई कारबाही गरिएको शर्माले बताए । शर्माका अनुसार जेठ महिनाको २५ गतेसम्म २७६ फर्मलाई कारबाही गरिएको छ । सो कारबाहीबाट १६ लाख रुपैयाँ संकलन भएको उनले बताए । उनका अनुसार वैशाख महिनामा ३०२ फर्म कारबाहीमा पर्दा १६ लाख ३५ हजार रुपैयाँ संकलन भएको छ ।

२०७८ को चैत्र महिनामा विभिन्न १५१ फर्मलाई अनुगमन गरी २१ लाख ४० हजार र फागुन मसान्तसम्म विभिन्न एक हजार ९७९ फर्महरुलाई अनुगमन गरी ९७ लाख ५० हजार रुपैयाँ जरिवाना गरिएको समेत महानिर्देशक शर्माले जानकारी दिए । विभागले हाल अत्यावश्यकीय उपभोग्य वस्तुहरुसहित मूल्य, गुणस्तर तथा मौज्दातसँग सम्बन्धित उच्च जोखिम भएका वस्तु, फर्म तथा क्षेत्रमा अनुगमन केन्द्रित गरेको बताए ।

'विभिन्न समस्याका बाबजुत विभागको एकल तथा संयुक्त अनुगमन उल्लेख्य रुपले बढेको छ,' शर्माले भने, 'हाल प्रक्रियामा रहेको संयुक्त अनुगमन निर्देशिका स्वीकृत भएपछि यो कार्य अझै प्रभावकारी हुने अपेक्षा गरेका छौं ।'

शर्माले विभागले एक्लै तथा नेपाल आयल निगम, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, औषधि व्यवस्था विभाग, गुणस्तर तथा नापतौल विभाग, वातावरण विभाग, स्वास्थ्य सेवा विभाग, जिल्ला प्रशासन कार्यालयसहित संयुक्त रुपमा समेत अनुगमन भइरहेकोले जानकारी दिए ।

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# घरेलु टोली विजय युथ र एभिनियर अन्तिम चारणमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ हेटौंडामा जारी चौथो स्थानीय तह सहीद स्मृति अन्तराष्ट्रिय मकवानपुर गोल्डकपको सेमिफाइनल समीकरण पूरा भएको छ ।

हेटौंडा-५, पिप्ले क्याम्पा रंगशालामा बिहीवार भएको दुई क्वाटरफाइनल खेलसँगै सेमिफाइनलमा जाने चार टोलीको टुंगो लागेको छ । बिहीवार बिहान भएको खेलमा घरेलु टोली विजय युथ क्लबले सेमिफाइनल यात्रा तय गरेको छ ।



विजय युथले सिमराको नव जनजागृती क्लबलाई ३-० गोल अन्तरले पराजित गरेको हो । विजय युथका लागि खेलको दोस्रो हाफमा अमिर श्रेष्ठले गोल गर्दै अग्रता दिलाए । विजय युथका सन्जोक राई र सुनिल घलानले थप एक-एक गोल गरे । खेलको पहिलो हाफ गोल रहित बराबरीमा सकिएको थियो ।

खेलको ५४ औं मिनेटमा अमिर श्रेष्ठले डिबक्स नजिकबाट प्रहार गरेको बल विपक्षी गोल रक्षकले रोक्न प्रयास गरेपनि बलेले जाली चुमेको थियो । खेलको ६४ औं मिनेटमा सन्जोक राईले गोल गरे । खेलको अन्तिम मिनेटमा नव जनजागृतीका डिफेन्डर साहिदले अमिरलाई डिबक्सभित्र फाउल गरेपछि बिजय युथले पेनाल्टी पाएपनि अमिर गोल गर्नबाट चुके । खेलको अतिरिक्त समयमा सुनिल घलानले गोल गर्दै टोलीलाई ३-० को अग्रता दिलाए । विजय युथका सुनिल घलान म्यान अफ दी म्याच चुनिँदै नगद १० हजार हात पारे ।

विजय युथले फाइनल प्रवेशका लागि विभागिय टोली नेपाल पुलिस क्लबसँग २७ जेठमा प्रतिस्पर्धा गर्नेछ । यसैगरी, बिहीवार दिउसो भएको अन्तिम अर्थात चौथो क्वाटरफाइनल खेलमा विदेशी क्लब एभिनियर फुटबल क्लब क्यामरुन विजयी भएसँगै सेमिफाइनल प्रवेश गरेको छ । एभिनियरले बी डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज क्लबलाई ४-० गोल अन्तरले पराजित गरेको हो । एभिनियर एफसीले फाइनल प्रवेशका २८ जेठमा डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मी क्लबसँग भिड्ने भएको छ । ३० वैशाखमा फाइनल खेल हुनेछ । गोल्डकप विजेताले १५ लाख र उपविजेताले १० लाख रुपैयाँ पाउने छन् ।

# कांग्रेस नगर समितिद्वारा अस्पताललाई ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ हेटौंडा अस्पतालमा पछिल्लो समय देखिएको समस्याका सम्बन्धमा नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिले ध्यानाकर्षण भएको जनाएको छ ।



सरकारी अस्पताल हेटौंडा अस्पतालमा विगत केही दिनदेखि बिरामीको उपचारमा, प्रयोगशालामा स्वास्थ्य परीक्षणको रिपोर्ट आउन ढिलाई, औषधि लिँदा देखिएको समस्या, लाइनमा लामो समयसम्म बस्नु पर्ने, व्यवस्थापनमा कमजोर भएको जनस्तरबाट गुनासो आएपछि कांग्रेस नगर समितिले अस्पताल प्रशासनको ध्यानाकर्षण गराएको हो । कांग्रेस नगर समितिले ७ बुँदे ध्यानाकर्षण पत्र बुझाएको छ । पार्टी नगर सभापति उत्सव इटेनी, सचिव तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने नेतृत्वको टोलीले हेटौंडा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटालाई बिरामीको समस्या तत्काल समाधान गर्न आग्रह गरेको हो ।

सभापति इटेनीले अस्पतालमा देखिएको समस्या र बिरामीले उपचारका क्रममा भोगेको झन्झटलाई छिटो भन्दा छिटो समाधान गर्न अनुरोध गरे । अस्पतालका निमित्त मेसु सापकोटाले भवन र जनशक्तिका कारण उक्त समस्या देखिएको स्वीकार गर्दै छिट्टै समस्या समाधान गर्न प्रतिवद्ध रहेको बताए । कांग्रेस हेटौंडा नगर सचिव हर्क रत्न लामा, सहसचिव निगम श्रेष्ठ, विकास बानियाँ, कोषाध्यक्ष कुल प्रसाद चौलागाईलगायतको उपस्थितिमा ध्यानाकर्षण पत्र बुझाइएको हो ।

# बलात्कार आरोपमा हेटौंडाका घलान पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ काठमाडौंमा ज्यालादारी गर्दै आएकी महिलालाई दुई महिनासम्म बन्धक बनाएर बलात्कार गरेको आरोपमा हेटौंडाका एक व्यक्ति पक्राउ परेका छन् ।

घटना पूर्वी चितवनको राप्ती नगरपालिकामा भएको हो । २७ वर्षीया युवतीलाई दुई महिनादेखि बन्धक बनाएर सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले हेटौंडा उपमहानगरपालिका-९ चौधघरे घर भएका ४५ वर्षीय पूर्ण घलानलाई पक्राउ गरेको हो । घलानले राप्ती-६ स्थित माछापोखरीमा रहेको आफू बस्ने घरमा पीडित युवतीलाई दुई महिनासम्म बन्धक बनाएर बलात्कार गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता नरहरि अधिकारीले जानकारी दिएका छन् ।

पीडित युवती १० चैतमा भाउजुको घर पिप्ले बस्न आएको प्रहरी अनुसन्धानबाट खुलेको छ । बसबाट राति भण्डारा बजारमा ओर्लिएकी उनलाई घलानले भेटेर पिप्ले धेरै टाढा भएको भन्दै आफ्नै घरमा लगेको प्रहरीले जनाएको छ । घलानले युवतीलाई अर्को दिन बिहानै पुर्याई दिने आश्वास देखाएर आफ्नो घरमा लगेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको अधिकारीले बताए । सोही दिन राती घलानले अन्य तीन जनालाई समेत बोलाएर सामुहिक बलात्कार गरेको पीडित युवतीकी भाउजुले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ ।

घटना युवतीलाई स्वास्थ्यमा समस्या देखिएपछि अस्पताल लगेर उपचार पश्चात पीडितको भाउजुमा छोडेपछि बाहिरिएको थियो । पीडित युवतीलाई २० जेठमा घलानले आफ्नो घरमा ल्याएर छोडेको उनकी भाउजुले प्रहरीलाई बताएकी छन् ।

महिलाले २४ जेठमा घलानविरुद्ध चितवन प्रहरीमा किटानी जाहेरी दिएकी थिइन् । जबरजस्ती करणीको मुद्दा दर्ता भएपछि प्रहरीले घलानलाई पक्राउ गरेर कानुनी प्रक्रिया अगाडि बढाएको डिएसपी अधिकारीले बताए ।

# हेटौंडा–काठमाडौं सडक एक वर्षमै दुई लेनको बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ संघीय राजधानीसमेत रहेको बागमती प्रदेशको समग्र विकास र आर्थिक समृद्धिका लागि प्रदेश सरकारले केही रणनीतिक महत्वका योजना अगाडि सारेको छ ।



प्रदेश सरकारले विशेष महत्व दिएका केही रणनीतिक महत्वका आयोजनाको विकास र विस्तारका लागि विशेष महत्व दिएको हो । सरकारले प्रमुख प्राथमिकता सडक सञ्जाललाई दिएको छ । मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेका अनुसार हेटौंडा-काठमाडौं जोड्ने सडकलाई आगामी आर्थिक वर्ष २०७९/०८० अर्थात एक वर्षभित्र दुई लेनको निर्माण गरेर सञ्चालन गरिने भएको छ । सरकारले आगामी आवमा दुई लेनको सडक निर्माण गर्ने गरी बजेट ल्याउने तयारी गरिरहेको हो । अघिल्लो सरकारलेपनि हेटौंडा-काठमाडौं सडकलाई दुई लेनको निर्माण गर्न काम गरिरहेको थियो । तर, समयमै निर्माण हुन नसक्दा यात्रुले हैरानी खेप्द आएका थिए ।

वर्तमान गठबन्धन सरकारले एक वर्षमै सडक निर्माण गरिसक्ने उद्देश्य लिएको हो । उक्त सडक खण्डअन्तर्गत् भैंसेदेखि फर्पिङसम्म सडक निर्माण भइरहेको छ । यसैगरी, प्रदेश सरकारको विशेष प्राथमिकतामा राखेको १३ जिल्ला जोड्ने चक्रपथ निर्माणलाई यसै वर्षदेखि सुरु गर्ने भएको छ । मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेका अनुसार यसै वर्षभित्र बागमती प्रदेश चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर)को काम सम्पन्न गरेर निर्माण सुरु गर्ने लक्ष्य राखिएको हो । उक्त चक्रपथले बागमती प्रदेशभित्रका १३ वटै जिल्लाको यातायातको सहजप्रबन्धदेखि नागरिकको अपेक्षालाई समेत सम्बोधन गर्नेछ । प्रदेशका सबै जिल्लालाई जोड्नको लागि र यातायातमा सहज वातावरण निर्माण गर्नको लागि उक्त चक्रथप यसै वर्षभित्र निर्माण सुरु गरिने मुख्यमन्त्रीको भनाइ छ । दोलखाको गौरीशंकर, धादिङकोतिप्लिङ, चितवनको फाँटदेखि मकवानपुरसम्म, सिन्धुलीदेखि रामेछापसम्म अटाएको यस प्रदेशको विकास, समृद्धि र यहाँका नागरिकको अपेक्षालाई सकेसम्म सम्बोधन गर्ने प्रयास प्रदेश सरकारले गरिरहेको मुख्यमन्त्री पाण्डेले बताए । आर्थिक वर्ष २०७९-८० भित्र नै प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौं जोड्ने हेटौंडा-कुलेखानी-काठमाडौं सडक दुई लेनको निर्माण गरिने जानकारी दिए ।

त्यस्तै, प्रदेश सरकारले सडकका अलावा सुरुङ निर्माणलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ । यस प्रदेशभित्र चार वटा सुरुङ निर्माणको लागि तत्कालका लागि ६० करोड बजेट विनियोजन गरिने उनको भनाइ छ । ती सुरुङमध्ये चोभार-हेटौंडा, खुर्कोट-चियाबारी, ताल्ती-लोथर र हुदी-शक्तिखोरको डीपीआर सम्पन्न गरिने जनाइएको छ । त्यसलगत्तै सुरुङ निर्माणको काम प्रारम्भ गरिने भएको हो । प्रदेश सरकारको प्राथमिकतामा सुरुङमार्ग छ । सुरुङ निर्माणमा संघीय सरकारको समेत उत्तिकै चासो छ । संघीय सरकारले काठमाडौं-मकवानपुर-चितवन द्रुतमार्ग निर्माण गर्ने गरी आगामी आवको बजेटमा कार्यक्रम समावेश गरेको छ । सो मार्गको काम अगाडि बढ्दा त्यसको केन्द्रमा बागमती प्रदेश सरकार नै रहन्छ । प्रदेश सरकारले पनि सोही अनुसार प्रक्रिया अगाडि बढाएको तथा सुरुङ तथा द्रुतमार्ग निर्माणमा पनि उत्तिकै चासोका साथ योजना तय गर्ने, बजेट विनियोजनसमेत गरेको छ ।

**उद्योगमा यस्तो छ प्रदेशको योजना**

बागमती प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउनको लागि कृषिऔजार कारखाना निर्माण गर्ने मुख्यमन्त्री पाण्डेको भनाइ छ । कृषि क्षेत्रमा यस प्रदेशको भूमिका महत्वपूर्ण छ । संघीय राजधानी काठमाडौंलाई आवश्यक पर्ने तरकारी, फलफूल, दूध तथा अन्य खाद्य उपज उत्पादनका लागि विशेष प्राथमिकतामा राखिएको छ । प्रदेशका किसानलाई किसान परिचयपत्र प्रदान गर्नुको साथै मल कारखाना निर्माणको लागि प्रोत्साहन गर्ने योजनासमेत उनले सुनाए । रासायनिक मलकारखानाको लागि ठूलो रकम लाग्ने कारणले विदेशी लगानीलाई प्रोत्साहन गरेर मलमा आत्मनिर्भर हुनुकासाथै उक्त कारखानाबाट रोजगारीसमेत सिर्जना हुने जनाइएको छ । प्रदेश सरकार आफैँले पनि रासायनिक मल कारखानाको स्थापनाका लागि चासो व्यक्त गरेको छ ।

**यसवर्ष १० हजार युवालाई रोजगार दिने**

यसवर्ष प्रदेशका १० हजार युवालाई तालिम दिएर रोजगार प्रदान गर्ने प्रदेश सरकारको योजना रहेको छ । सो कार्यको लागि आवश्यकता अनुसारको उद्योग, कृषिलगायतका स्थानमा आवश्यक पर्ने सिपमूलक तीन महिने नि:शुल्क तालिम दिने र तालिमपश्चात रोजगारको निश्चितसमेत सरकारले नै गर्ने योजना रहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए ।

**समाजवादी वडामा ध्यान**

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले समाजवादी वडा कार्यक्रम लागू गरिने जानकारी दिए । हाल नमूनाका लागि प्रदेशको एक हजार १ सय २१ वटा वडामध्ये १ सय १९ वटा वडामा 'समाजवादी वडा कार्यक्रम' लागू हुने उनको भनाइ छ ।

यसको लागि प्रदेशका १ सय १९ पालिकाको १-१ वटा वडालाई समाजवादी वडा बनाइने उनले बताए । नेपालको संविधानले समेत समाजवादलाई आत्मसात गरेको छ । समाजवादी वडा कार्यक्रम लोकप्रिय हुनेमा आफू विश्वस्त रहेको समेत उनको दाबी छ ।

समाजवादी वडा कार्यक्रम लागू भएको वडामा विभेदरहित वातावरण निर्माण हुने, बालबालिका, महिला र ज्येष्ठ नागरिकको लागि मैत्रीपूर्ण वातावरण निर्माण हुने, सबै प्रकारका सेवा सहज रूपमा उपलब्ध गराउने मुख्यमन्त्रीले जानकारी दिए । (रासस)

# डिएसपी कार्की प्रदेशकै उत्कृष्ट प्रहरी घोषित



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ मकवानपुरका प्रहरी नायव उपरीक्षक (डिएसपी) टेकबहादुर कार्की बागमती प्रदेशकै उत्कृष्ट प्रहरी घोषित भएका छन् । कार्यसम्पादन मुल्यांकनका आधारमा बागमती प्रदेश प्रहरी कार्यालयले वैशाख महिनाको उत्कृष्ट प्रहरी कार्कीलाई चयन गरेको हो ।

प्रदेश प्रहरी कार्यालयले कार्यसम्पादनका आधारमा हरेक महिना उत्कृष्ट प्रहरी घोषित गर्दै आइरहेको छ । जसअन्तर्गत कार्की वैशाखमा विभिन्न १३ वटा मुद्दामा २३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको र स्थानीय निकायको चुनावमा भरपर्दो सुरक्षा प्रदान गरेकोलगायतका कामबाट उत्कृष्ट ठहरिएका हुन् ।

कार्की मकवानपुर सुरुवा भई आएको धेरैपनि भएको छैन् । केही महिना अगाडि मात्रै आएका कार्कीको कामप्रति प्रदेश प्रहरी खुशी देखिएको छ । कार्कीको कमाण्डमा वैशाखभित्र घरेलु हातहतियारसहित तीन, बलात्कार अभियोग लागेका एक, कुटपिट तथा हत्यामा संलग्न दुई, मोटरसाइलक चोरी संलग्न तीन जनालाई ४ वटा चोरीका मोटरसाइकलसहित पक्राउ गरि कानुनी दायरामा ल्याएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

उनको नेतृत्वमा लागूऔषध गाँजा ४ सय ५७ किलो, खैरोहिरोइन १५ ग्राम ९ सय मिलि ग्राम, प्रतिबन्धित औषधि ९३ बोत्तल, डाइजोपाम १ सय एम्पुल, फेनारगन १ सय एम्पुल, नुफिन १ सय एम्पुल र नाइट्रोभेट १ सय ५ ट्याब्लेट बरामद भएको कार्यालयले जनाएको छ ।

प्रदेश प्रहरी कार्यालय तथा मातहतमा कार्यरत प्रहरी कर्मचारीहरुबाट सम्पादित कार्यको उचित मुल्याङकन गरी कार्यसम्पादनको स्तरमा प्रभावकारिता र थप हौसला प्रदान गर्ने उद्देश्यले प्रहरी कर्मचारीलाई पुरस्कृत गरिँदै आएको कार्यालयले जनाएको छ ।

कार्यविधि २०७७ अनुसार प्रदेश प्रहरी कार्यालयले मातहतका कार्यालयबाट महिना भरी उत्कृष्ट काम गर्ने प्रहरीको नाम सिफारिस भई आएकामध्ये उत्कृष्ट कार्य गर्नेलाई पुरस्कृत गर्दै आएको हो ।

# स्थापना दिवसमा बढी दुध बेच्ने किसान पुरस्कृत



साझाकुरा संवाददाता

हेटौंडा, २६ जेठ/ नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघले आफ्नो स्थापना दिवसको अबसर पारेर बढी दुध बिक्री गर्ने किसानलाई पुरस्कार वितरण गरेको छ ।

संघको सातौं स्थापना दिवस बिहीवार हेटौंडामा मनाइएको हो । हेटौंडा-७ नम्बर वडाका किसानलाई संघले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरेको छ । ७ नम्बर वडामा रहेको बनदेवी दूग्ध उत्पादक सहकारी सस्थामा आबद्ध किसानलाई संघले बर्गीकरण गरेर पुरस्कार दिएको छ । सहकारीको सदस्य रहेका धेरै, गुणस्तरीय, सफा दुध सहकारीमा बिक्री गर्ने किसानलाई पुरस्कृत गरिएको सहकारीका व्यवस्थापक रेशम बस्नेतले बताए । नैनाकला सिलवाल, बिजयबहादुर बस्नेत, उमा रेग्मी पोखरेल र दिपककुमार खड्का पुरस्कृत भएका हुन् । उनीहरुलाई हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मिनाकुमारी लामाले खादा ओडाएर सम्मान व्यक्त गरिन् । बढी दुध बिक्री गर्नेमा सिलवाल प्रथम, बस्नेत द्वितीय, रेग्मी तृतीय र खड्का सान्तवना भएका थिए । उनीहरुलाई पुरस्कार स्वरुप पशुका लागि आवश्यक रहेको औषधि दिइएको थियो । पशुका लागि आवश्यक क्यालसियम, नाम्ले जुकाको औषधि, भिटामिन, खनिज मिश्रण औषधि र लेभटोनीकसहितका आवश्यक औषधि लामाले बितरण गरेकी हुन् । सिलवालले दैनिक ७५, बस्नेतले ४५ रेग्मीले ३५ र खड्काले ३० लिटर दुध सहकारीमा बिक्री गर्ने गरेको जनाइएको छ ।

संघले वडामा सहकारीमा आवद्ध किसानका लागि घरदैलो अभियान गरी ७० जना किसानलाई औषधि बितरण गरेको थियो । नगर प्रमुख लामाले पशुपालनमा मनग्य आम्दानी गर्न सकिने भन्दै उपमहानगरले किसानहरुलाई जस्तो सुकै सहयोग गर्न तयार रहेको बताइन् ।

उनले व्यवस्थित पशुपालन दीगो आयआर्जनको माध्यम भएको बताएकी छन् । उनले पशु बिमाको लागि सरकारले दिने ८० प्रतिशत सहुलियतमा बाँकी रहेको २० प्रतिशत उपमहानगरले व्यहोर्ने तयारी भइरहेको जानकारी दिएकी छन् ।

प्राविधिक संघ मकवानपुरका अध्यक्ष पुरुषोतम अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-७ का वडा अध्यक्ष दामोदर गौतम, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डाक्टर बल्लु ठाकुर, संघका केन्द्रीय सदस्य कृष्णप्रसाद भट्टराईलगायतको आतिथ्यता थियो ।


**प्राइम लाइफ**

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
| --- | --- | --- | --- |
| ०१. | १५५०००११२१ | एलियन चौधरी | रंगपुर-०७, रौतहट |

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
| --- | --- | --- | --- | --- |
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

**ऋणी शेयर सदस्य कर्जाग्राहीहरूलाई अत्यन्त जरुरी सूचना**

प्रस्तुत विषयमा यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौडाबाट कर्जाग्राहीहरुले कर्जा लिई कारोबार गरी आईरहेकोमा उक्त कर्जाको यस संस्थालाई समय समयमा बुझाउनु पर्ने किस्ता र व्याज नबुझाई भाखा नाघेको हुनाले भुक्तानी गर्न आउन पटकपटक तपाईहरुलाई लिखित तथा मौखिक रुपमा तरताकेता गर्दासमेत आफूले लिएको कर्जा तिर्न बुझाउन अटेर गरी बसिरहनु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्राप्त भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने सावां र व्याज संस्थामा आई चुक्ता गरी हिसाब फरकफरक गर्नुहुन सुचित गरिन्छ । साथै उक्त अवधिभित्र लिएको कर्जा फरकफरक गर्न नआएमा सहकारी नियमानुसार र प्रचलित नेपाल कानुनबमोजिम ऋणी शेयर सदस्य तथा निजको जमानी बस्ने शेयर सदस्यको नाम कालो सुचीमा राखि तिन पुस्तेको नाम दैनिक पत्रिकामा ३५ दिने सूचनामा प्रकाशित गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-०४, कान्तिराजपथ
फोन नं. ०५७-५२६७४१

**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**

पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना